ओपन माईक नेपाल बुलेटिनको एकतिसौं अङ्कमा स्वागत छ। 'ओपन माईक' भूकम्प प्रभावित जिल्लामा चलेका हल्लाहरू तथा अन्योलपूर्ण सवाललाई एक ठाउँमा ल्याई त्यसभित्रको यथार्थ पत्ता लगाएर मानवीय सहयोगका काम गरिरहेका संघसंस्थाहरू, सञ्चार माध्यम एस्थानीय समूदायलाई सहि सूचना पुऱ्याउनमा केन्द्रित छ। हल्ला फैलिएर क्षति हुन नपाउँदै हल्ला र यथार्थ छुट्याएर सञ्चार माध्यमहरू र भूकम्प पिडितको हितमा काम गर्ने संघसंस्थाहरूलाई उपलब्ध गराउनु र उनीहरू मार्फत समूदायमा रहेका अस्पष्टता हटाउनु हाम्रो ध्येय हो।

# सवाल



## वरुणेश्वर, ओखलढुङ्गा
"भूकम्प पीडितहरूलाई घर बनाउन नक्सा, डिजाइनसहित प्राविधिक गाउँमा पठाउनुपऱ्यो।"

## सुनखानी, दोलखा
"सरकारले घरको नक्सा दिएको भए ऋण खोजेर भए पनि घर बनाउथ्यौं।"

## हर्कपूर, ओखलढुङ्गा
"घर निर्माणका लागि नमूना घर र प्राविधिक गाउँमा पठाउनुपऱ्यो।"

## पुरानागाउँ, रामेछाप
"पैसा भए पनि घर कस्तो बनाउने भन्ने बारेमा यहाँका जनतालाई ज्ञान नहुँदा घर बनाउन नसकिएको हो।"

## खिजिफलाँटे, ओखलढुङ्गा
"अहिले घरका नमूना र रकम दिनुपर्छ।"

# जवाफ

सरकारले बनाएको ग्रामिण घर डिजाइनको नमूना अंग्रेजी र नेपाली दुबै भाषामा www.dudbc.gov.np मा हेर्न सकिन्छ।

शहरी विकास तथा भवन निर्माण विभागले भूकम्प प्रभावित जिल्लाका गाँउ विकास समिति र नगरपालिकामा माघको पहिलो हप्तामा घरको नमूना पठाउने योजना बनाएको थियो। तर अहिले प्रत्येक जिल्लामा रहेका विभागको डिभिजन कार्यालयका कर्मचारीले राजधानी आएर उक्त नमूना लगेर वितरण गर्नुपर्ने व्यवस्था रहेको छ। अहिलेसम्म केहि डिभिजन कार्यालयले मात्रै नमूना लगेका छन्। नमूनाको लागि डिभिजन कार्यालयमा सम्पर्क राख्नुहोस्।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले बैशाखतिर प्रत्येक जिल्लामा स्रोत केन्द्र स्थापना गर्ने योजना बनाएको छ। इन्जिनियर र प्राविधिकहरुका टोली रहने स्रोत केन्द्रले घरपरिवारलाई भूकम्प प्रतिरोधात्मक घर निर्माण गर्न सल्लाह दिनेछ। एउटा स्रोत केन्द्र अन्तर्गत केहि गाविस पर्नेछन्।

**सुवास वस्नेत**
डिभिजन कार्यालय प्रमूख
शहरी विकास तथा भवन निर्माण
ओखलढुङ्गा
०३७-५२०१०३

**प्रतिज्ञा मानन्धर**
आर्किटेक्चर इन्जिनियर
आवास विभाग
शहरी विकास तथा भवन निर्माण विभाग
९८४१२४९५५५

# सवाल

## पस्लाङ, गोरखा

"माटोको जोडाई भएको घर एक तले मात्र बनाउन पाइन्छ रे।"



## वरुणेश्वर, ओखलढुङ्गा

"गाउँमा भूकम्प प्रतिरोधी घर कस्तो हुन्छ भन्ने नै जानकारी छैन।"

# जवाफ

पुनर्निर्माण अनुदान पाउनका लागि घर बनाउँदा घरधनीले अनिवार्य रुपमा भूकम्प प्रतिरोधात्मक भवन बनाउने तालिम प्राप्त गरेका डकर्मीको प्रयोग गर्नुपर्छ। नेपालका लागि उपयोगी केहि प्रविधिबारे जानकारी यहाँ दिइएको छ।

इट्टा, ढुंगा, ब्लक मध्य जेसुकै सामग्री प्रयोग गरेर पनि भूकम्प प्रतिरोधी घर बनाउन सकिन्छ। जुनसुकै सामग्री प्रयोग गरे पनि घरको चारै भित्ता एकआपसमा र भुईं र छानासँग बलियो गरी कसिएको हुनुपर्छ।

माटो र ढुङ्गाको घरलाई भूकम्प प्रतिरोधात्मक बनाउन घरको आकार चारकुना वा गोलो हुनुपर्छ। घरको लम्बाइ र उचाइ चौडाइको तिन गुणा भन्दा बढि हुनुहुँदैन।

पर्खालमा ढुङ्गा लगाउँदा जोर्नी छल्नुपर्छ। हरेक दुई फिटको उचाइमा तीन–तीन फिटको दूरीमा कैँची मार्ने ढुङ्गा राख्नुपर्छ। यसरी राखिने ढुङ्गा पनि एउटै ठाडो लाइनमा हुनुहुँदैन।

गारोको जोर्नीहरुमा ठाडो डण्डी राख्नुपर्छ। यो डण्डी तल जगमा र माथि छतमा कसिएको हुनुपर्छ।

पर्खाल पूरै ढाक्ने गरी भुइँको ढलानको तह, झ्याल र ढोकाको तल र माथि, अनि छानाको तहमा तेर्सो डण्डी राख्नुपर्छ। यस बाहेक हरेक दुई फिटको उचाइमा तेर्सो डण्डी राख्नुपर्छ।

झ्यालढोकाहरूलाई पर्खालको कुनाबाट तथा एक अर्काबाट कम्तीमा दुई फिट टाढा राख्नुपर्छ।

छत निर्माण गर्दा चुली गारो बन्धन नराखेर ट्रस बन्धन राख्नुपर्छ।

शहरी विभागले उपलब्ध गराएको घरको नमूनामा माटोको जोडाई भएको घर एक तलाको मात्रै छ। यदि घरपरिवारले दुई तलाको घर बनाउन चाहेमा इन्जिनियरसँग परामर्श लिनुपर्छ। इन्जिनियरहरू माटोको जोडाई भएको घर दुई तलाको भन्दा अग्लो नबनाउन सल्लाह दिन्छन्।

आमोद मणि दिक्षित
कार्यकारी निर्देशक
भूकम्प प्रविधि राष्ट्रिय समाज
नेपाल
०१-५५९१००० (Ext: २०१)

# सवाल



## पुरानागाउँ, रामेछाप

"यहाँका घर बनाउने कामदारहरुलाई भूकम्प प्रतिरोधात्मक घर बनाउने सिपमूलक तालिमको आवश्यकता छ।"

## फुलासी, रामेछाप

"सस्थाहरूले अरु राहातका सामान भन्दा पनि घर बनाउने तालिम लिएर आएमा प्रभावकारी हुनेछ।"

"भूकम्प प्रतिरोधी घर बनाउने तालिम लिन पाए अरुको नबनाए पनि आफ्नो घर बनाउने थियौँ।"

## खारपानी, रामेछाप

"सबै नागरिकहरु स्थायी घर बनाउने सुरमा भएकाले सरकारले दिने भनेको २ लाख र तालिम प्राप्त कामदार नहुँदा घर बनाउन नसकिएको हो।"

## खिजिफलाँटे, ओखलढुङ्गा

"अहिले घर बनाउने तालिम दिनुपर्छ।"

## कौछिनी, रामेछाप

"सरकारले गाउँमा भूकम्प प्रतिरोधात्मक घर बनाउने तालिम दिन्छ रे। गाउँमा बसेका युवाहरुलाई सरकारले यो तालिम दिए भत्किएका घरहरु चाँडै र बलियो बन्थ्यो होला।"

# जवाफ

भूकम्प प्रतिरोधात्मक घर निर्माण गर्नको लागि भूकम्प प्रभावित जिल्लामा हेल्भेटास (Helvetas) र टियरफन्ड यूके (Tearfund UK) जस्ता संस्थाले डकर्मीको तालिम दिइरहेका छन्।

अहिले जिल्ला दैवि प्रकोप उद्दार समितिले डकर्मी तालिमको समन्वयन गरिरहेका छन्। तालिमको बारे गाविस सचिवबाट जानकारी पाउन सकिन्छ।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले स्रोत केन्द्र मार्फत डकर्मी तालिमको समन्वय गर्ने योजना बनाएको छ। प्रत्येक जिल्लामा एउटाले केहि गाविस हेर्ने गरी स्रोत केन्द्रहरु स्थापना गरिनेछन्। डकर्मी तालिम दिन इच्छुक संस्था वा व्यक्तिले प्राधिकरणबाट स्वीकृति लिनुपर्छ।

धेरैजसो गैरसरकारी संस्थाले प्राधिकरणले भूकम्प प्रतिरोधात्मक भवन प्रशिक्षण प्रक्रिया संशोधन गरेपछि डकर्मीको तालिम दिने योजना बनाएका छन्।

तालिम विशेष गरी डकर्मीको सिप बढाउने कार्यमा केन्द्रित हुनेछ। यसअघि डकर्मीको काम नगरेकाहरूले घर बनाउँदा नै तालिम प्राप्त डकर्मीबाट सिक्ने अपेक्षा गरिएको छ।

स्रोत केन्द्र स्थापना भएपछि स्रोत केन्द्र र गाविस सचिव दुबैबाट डकर्मी तालिमको बारे सूचना लिन सकिनेछ।

**सूर्यनारायण श्रेष्ठ**
उप कार्यकारी निर्देशक
भूकम्प प्रविधि राष्ट्रिय समाज, नेपाल
९८५११०३६२५

**मधुसुदन अधिकारी**
प्रवक्ता
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
९७५१०६०५५६

# सवाल



## साँखु, काभ्रेपलाञ्चोक

"गाविसमा इञ्जिनियरहरु अब छिट्टै घरहरुको पुनः जाँच तथा विवरण संकलनमा आउँदै छन् रे । उनीहरुको जाँच अनुसार घर बनाउन रकम आउँछ रे । अहिले हामी  घर पूरै चर्केर टहरामा बस्दै आएका छौ । तर इञ्जिनियरहरुले पूरै भत्केको तथा आदि भत्केको घरलाई मात्र पूर्ण क्षतिमा स्वीकृत गर्छन् रे । अब यस्तो अवस्थामा कस्तो जाँच होला घरको ?"

## सुनखानी, दोलखा

"इञ्जिनियरले मनपरी ढंगले घर नापे । कँहि फिता प्रयोग गरे, कँहि गरेन । उनीहरु तथ्यांक लिन आएका कि मथ्यांक लिन आएका ?"

# जवाफ

केन्द्रिय तथ्यांक विभागले घरको क्षतिको जाँच गर्न इञ्जिनियर र सामाजिक परिचालक सहितको टोली पठाएको छ ।

उक्त टोलीले घरमा भएको समग्र क्षति – जस्तै पूर्ण वा आंशिक क्षति, घर ढल्केको वा छिमेकी घर बाट हुने जोखिम – सम्बन्धि विवरण संकलन गर्छ । टोलीले जग वा छतमा भएको क्षति, घरको भित्तामा परेका चिरा, पिलर र बिममा आदिमा भएको क्षति सम्बन्धि पनि तथ्यांक संकलन गर्छ ।

टोलीले क्षतिको गम्भिरता (अति उच्च, मध्यम देखि उच्च, नगण्य मात्रामा र नभएको) निर्धारण गर्दछ ।

यदि तपाईंको घर भूकम्पबाट चर्किएको स्पष्ट छ भने सो उल्लेख गरिनेछ ।

घरको नाप लिँदा इञ्जिनियरले फिताको प्रयोग गरिराख्नुपर्दैन । कहिलेकाँहि इञ्जिनियरले नाप निकाल्नको लागि अनौपचारिक विधि, जस्तै खुट्टाको पाइलाको अन्दाजी लम्बाइ, पनि प्रयोग गर्छन् ।

यदि तपाईं इञ्जिनियरले गरेको घर मुल्यांकनको तरिकाबाट सन्तुष्ट हुनहुन्न भने स्थानीय विकास अधिकारीसँग सम्पर्क गर्न सक्नुहुनेछ । स्थानीय विकास अधिकारी सर्वेक्षण व्यवस्थापन समितिको अध्यक्ष हुन्छन् ।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले पुनर्निर्माण अनुदान पाउनको लागि योग्यता मापदण्डको तयार गरिसकेको छैन । तर प्राधिकरणले केन्द्रिय तथ्यांक विभाग बाट प्राप्त तथ्यांकलाई आधार मानेर योग्य परिवारको सूची तयार गर्नेछ ।

**सौगात उप्रेती**
इञ्जिनियर
सर्वेक्षण टोली सदस्य
दोलखा
९८४१)१२८०१

**सिता परियार**
स्थानिय विकास अधिकारी
जिल्ला विकास समिति, दोलखा
९८५४०४००१५

# सवाल

## साँखु, काभ्रेपलाञ्चोक

"पुनर्निर्माण कार्य गर्न पाँच वर्ष लाग्छ रे। पाँच वर्षभित्र चाँहि सरकारको योजना तथा निर्णय अनुसारका घरहरू बनाउन पीडितहरूले सहयोग पाउँछन् रे।"



## खिजिफलाँटे, ओखलढुङ्गा

"सरकारी निकायले दिने सेवा सुविधा, खासगरी पुनर्निर्माण निर्देशिकाबारे सबैलाई जानकारी गराउने कार्यक्रम राख्नुपर्छ।"

# जवाफ

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले आवास पुनर्निर्माण तथा पुनर्लाभ मञ्चको सहयोगमा घरपरिवारलाई पुनर्निमाण कार्यक्रमको प्रक्रियाबारे बुझाउन सामाजिक परिचालकको प्रयोग गर्ने योजना बनाएको छ। आवास पुनर्निर्माण तथा पुनर्लाभ मञ्चले पुनर्निर्माणमा काम गर्ने गैरसरकारी संघसंस्थाको समन्वय गर्छ।

प्राधिकरणले रेडियो तथा पत्रिका जस्ता संचारमाध्यमबाट पनि पुनर्निर्माण सम्बन्धि सूचना सम्प्रेशष गर्नेछ।

सामाजिक परिचालक डकर्मी र इञ्जिनियर वा सब इञ्जिनियर सहितको तीन सदस्यीय घुम्ती प्राविधिक सहायता टोली अन्तर्गत हुनेछन्। हरेक गाविसमा एक वटा प्राविधिक सहायता टोली राखिनेछ।

आवास पुनर्निर्माण तथा पुनर्लाभ मञ्चमा रहेका संघसंस्थाले बैशाखबाट सामाजिक परिचालकलाई प्रशिक्षण दिने योजना बनाएका छन्।

पुनर्निर्माण पाँच वर्ष लामो प्रक्रिया हो। यस अवधिमा प्राधिकरणले भूकम्प प्रभावित समुदायमा आवास पुनर्निर्माणको मात्र काम नगरी पुर्नस्थापनामा पनि मद्दत गर्ने अपेक्षा गरिएको छ।

पुनर्निर्माण अनुदान वितरणको समयतालिका बनेको छैन।

**मधुसुदन अधिकारी**
प्रवक्ता
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
९७५१०६०५५६

**ब्रबिम कुमार के.सी**
संचार अधिकारी
आवास पुनर्निर्माण
तथा पुनर्लाभ मञ्च
९८५११११३९६९

यो अङ्कमा समेटिएका सवाल जिल्लामा रहेका स्वयं सेवकहरू र जिल्लामा कार्यरत विभिन्न संघसंस्थाका प्रतिनिधीबाट प्राप्त भएका हुन्। माघ २१ गतेदेखि माघ २८ गतेसम्म ६ जिल्लाका करिव २०६ जना स्थानीयवासीसँगका कुराकानी र सामुदायिक छलफल गरी तयार पारेका टिप्पणीहरू यो बुलेटिनको सूचनाका प्रमूख स्रोत हुन्। विषयको महत्व र सान्दर्भिकतालाई ध्यान दिएर हल्ला तथा सवालहरू छनोट गरिएका छन्। यो अंकमा समेटिएमा जानकारी बुलेटिन प्रकाशित भएको मितिसम्म सत्य छन्।

OPEN MIC NEPAL प्रस्तुत गर्ने संस्थाहरू

accountabilitylab | Local Interventions Group data-driven development | Internews